५६. वाधा अडकाउ फुकाउने अधिकारः— यो ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै वाधा अडकाउ परेमा श्री ५ को सरकारले सो वाधा अडकाउ फुकाउनको लागि नेपाल गजेटमा सूचना प्रकाशित गरी चाहिदो आदेश निकाल्न सक्ने छ र त्यस्तो आदेश यस ऐनमा परे सरह मानिने छ ।

५७. यो ऐन बमोजिम हुनेः— यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियममा लेखिएका कुरामा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

इति सम्वत् २०१९ साल गते रोज शुभम् ----

लालमोहर सदर मिति २०१९।१०।३।४

आज्ञाले—
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ४०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद अति कीर्तिमय नेपाल श्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्रिय पञ्चायतमा स्नातकहरूको प्रतिनिधित्व गर्न बनेको ऐन

प्रस्तावनाः— स्नातकहरूमध्येबाट राष्ट्रिय पञ्चायतको निमित्त सदस्य निर्वाचित गर्ने कामको व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद --१

प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायत (स्नातक) प्रतिनिधित्व ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "स्नातक" भन्नाले श्री ५ को सरकारबाट अस्वीकृत भनी नतोकिएको कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट कम्तीमा शास्त्री वा ब्याचलर्स डिग्री पाएको नेपालको नागरिक सम्झनु पर्छ,

(ख) "निर्वाचन" भन्नाले स्नातकहरूमध्येबाट राष्ट्रिय पञ्चायतको सदस्यको निमित्त गरिने निर्वाचन सम्झनु पर्छ,

(ग) "मतदाता" भन्नाले निर्वाचनमा मत दिन पाउने स्नातक सम्झनु पर्छ,

(घ) "उम्मेदवार" भन्नाले स्नातकको हैसियतले राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त दरखास्तपत्र दिई खडा भएको व्यक्ति सम्झनु पर्छ,

(ङ) "उजूरवाला" भन्नाले निर्वाचनको निमित्त खडा भएको उम्मेदवार सम्झनु पर्छ ।

परिच्छेद–२

निर्वाचन अफिसरको नियुक्ति र स्नताकहरूको सूची

३. निर्वाचन अफिसरको नियुक्तिः– (१) श्री ५ को सरकारले निर्वाचन हुनुभन्दा कमसेकम १ महीना अगाडि एउटा निर्वाचन अफिसर नियुक्त गर्नेछ ।

(२) निर्वाचन सम्बन्धी काममा मद्दतको निमित्त निर्वाचन अफिसरले आवश्यकता अनुसार रिटर्निङ्ग अफिसर र पोलिङ्ग अफिसर खटाउन सक्नेछ । त्यसरी खटाइएको कुनै अफिसरलाई आफ्नो सबै वा केही अधिकार निजले सुम्पन सक्नेछ ।

४. नाम नमेसी रजिष्टरः– (१) निर्वाचन अफिसरको रेखदेख, नियन्त्रण र निर्देशनमा रही स्नातकहरूको एउटा सूची तयार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्नातकहरूको सूचीमा नाम नपरेका व्यक्तिले निर्वाचनमा मत दिन पाउने छैन ।

(३) स्नातकको सूचीमा नाम दर्ता गराउन चाहने कुनै पनि व्यक्ति निर्वाचन अफिसर छेउ दरखास्त दिई आफ्नो नाम दर्ता गराउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–३

निर्वाचनको सञ्चालन

५. निर्वाचनको साधारण सूचना:– निर्वाचनको निमित्त निर्वाचन अफिसरले मिति, स्थान र समयको निर्णय गर्नेछ र त्यस्तो निर्वाचनको सूचना सम्बन्धित मतदाताहरूको जानकारीको लागि प्रकाशित गरिनेछ ।

६. उम्मेदवारको लागि दरखास्त पत्र:– निर्वाचनमा कुनै उम्मेदवारलाई खडा गराउन मतदाताले दफा ५ बमोजिम सूचना प्रकाश भएका मितिदेखि निर्वाचन अफिसरले तोकेको म्यादभित्र तोकिएको स्थानमा आफैं वा अख्तियार प्राप्त वारेसद्वारा निर्वाचन अफिसरले तोकेको ढांचा बमोजिम प्रस्तावक, समर्थक र उम्मेदवारको स्वीकृतिसमेतको दरखास्त–पत्र निर्वाचन अफिसरलाई दिनुपर्छ ।

७. उम्मेदवार हुन अयोग्यता:– (१) देहायमा लेखिएका कुनै व्यक्ति उम्मेदवार हुन अयोग्य हुनेछ:–

(क) नेपालको संविधान अनुसार राष्ट्रिय पञ्चायतको सदस्य हुन योग्य नभएको,

(ख) मगज बिग्रेको, लाटो वा वाक्य बन्द भएको,

(ग) नैतिक पतन देखिने अभियोगमा दोषी प्रमाणित भई सो बापत ६ महीना–भन्दा बढी कैदको सजाय भएको र त्यस्तो कैदको सजाय भोगिसकेको मितिले ५ वर्ष भुक्तान नभएको,

(घ) टाट उल्टी साहूको दामासाहीमा परेको,

(ङ) गाउँ पञ्चायत, जिल्ला पञ्चायत वा अञ्चल पञ्चायतको वैतनिक कर्मचारी ।

८. उम्मेदवारको धरौट राख्ने:– (१) दफा ६ बमोजिम दरखास्तपत्र पेश गर्दा सो साथमा नें.रू. २००।– दुईसय धरौट राख्नुपर्नेछ ।

(२) निर्वाचन अफिसर वा निजले तोकेको कुनै अफिसरले धरौट बुझेको रसीद दिनुपर्छ ।

(३) अन्तिम सफल उम्मेदवारको घोषणा भएको मत गन्तीमा बांकी उम्मेदवारहरू–मध्ये कसैले सफल हुनको निमित्त चाहिने आवश्यक मत संख्याको पचास प्रतिशतभन्दा कम मत पाएमा उपदफा (१) बमोजिम राखेको धरौट जफत हुनेछ ।

९. रीतपूर्वकको दरखास्तपत्र दर्ता गर्ने:– दफा ६ बमोजिम पर्न आउने दरखास्तपत्र रीतपूर्वकको छ छैन हेरी लिनुपर्छ र रीत नपुगेकोमा जेजति रीत नपुगेको हो सो व्यहोरा सच्याउने मौका दिनुपर्छ । दरखास्तवालाले सच्याउन नचाहेमा त्यस्तो व्यहोरा दरखास्तपत्रमा जनाई राखिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

१०. दरखास्तपत्रको जांच गर्नेः– दरखास्तपत्र दिने म्याद समाप्त भएपछि निर्वाचन अफिसरले उम्मेदवार वा निजको वारेस उपस्थित हुन चाहेमा उपस्थित हुने समय र स्थान तोकी निजको अगाडि दरखास्तपत्रमा दफा ६ र ९ बमोजिम रीत पुगे नपुगेको जांच गर्नेछ ।

११. नाम फिर्ता लिनेः– (१) उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन अफिसरले तोकेको म्यादभित्र निजलाई लिखित सूचना दिई आफैं वा आफ्नो वारेसद्वारा आफ्नो नाम फिर्ता लिन सक्नेछ र निजको धरौट पनि फिर्ता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिने सूचना दिइसकेपछि सो सूचना फेरि फिर्ता लिन पाइने छैन ।

१२. उम्मेदवारको नाम प्रकाश गर्नेः– कुनै उम्मेदवारले दफा ११ मुताबिक आफ्नो नाम फिर्ता लिइसकेपछि निर्वाचन अफिसरले कायम हुन आएका उम्मेदवारहरूको फेहरिस्त तयार गरी प्रकाशित गर्नेछ ।

१३. निर्विरोध छानिनेः– (१) उम्मेदवारहरूको संख्या निर्वाचन गरिने स्थानको संख्याभन्दा बढी नभएमा वा कम भएमा निर्वाचनको काम गर्नुपर्ने छैन र निर्वाचन अफिसरले निज वा निजहरू निर्विरोध छानिएको भनी तुरुन्तै घोषणा गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम आवश्यक संख्यामा उम्मेदवारहरू खडा नभएमा निर्वाचन अफिसरले नपुग उम्मेदवारको लागि मात्र निर्वाचन गर्ने सूचना दिई त्यसपछि नयां सिलसिलाबाट निर्वाचन गर्ने प्रबन्ध गर्नुपर्छ ।

परिच्छेद–४

निर्वाचनको काम

१४. मत लिने स्थान र समय निर्धारित गर्नेः– निर्वाचन अफिसरले मत लिने स्थान, मिति र समय ठेगाना गर्नेछ र त्यसको सूचना प्रकाशित गर्नेछ ।

१५. मतदानपत्रः– मत दिन आउने प्रत्येक मतदातालाई निर्वाचन अफिसरले तोकेको ढांचा बमोजिमको उम्मेदवारको नामको फेहरिस्तसमेत भएको मतदानपत्र दिइनेछ र सो मतदानपत्रमा निर्वाचन अफिसरको वा पोलिङ्ग अफिसरको सही परेको हुनुपर्छ ।

१६. मत लिने स्थानमा प्रवेशः– मत लिने स्थानमा भीड वा गोलमाल हुन नपाउने गरी निर्वाचन अफिसर वा पोलिङ्ग अफिसरले मतदाता बाहेक अरू व्यक्तिलाई प्रवेश गर्न नदिन सक्नेछ ।

१७. समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम मत दिनेः– निर्वाचन समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एक परिवर्तनीय मतको आधारमा गरिनेछ ।

अधिकृतकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. सामान्य बहुमतद्वारा चुनाउ गर्न सकिनेः— यस ऐनको अन्य दफाहरूमा जेसुकै लेखिएको भए तापनि एउटा मात्र स्थान रिक्त भएमा सामान्य बहुमतद्वारा चुनाउ गर्न सकिनेछ ।

१९. संकटकालमा काम स्थगित गर्नेः—(१) कुनै मतदान केन्द्रमा हूल दङ्गा भई मतदानको काम—मा बाधा अड्काउ भएमा वा कुनै प्राकृतिक विपद वा अरू कुनै कारणले गर्दा मत दिन असम्भव भएमा त्यस्ता मतदान केन्द्रमा निर्वाचन अफिसरले वा सो केन्द्रमा काम गर्न खटिएको पोलिङ्ग अफिसरले सो दिन मतदानको काम स्थगित गरी सो कुरा पोलिङ्ग अफिसरले गरेको भए निर्वाचन अफिसर मार्फत र निर्वाचन अफिसरले गरेको भए सम्बन्धित विभागमा जाहेर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थगित गरिएको मतदान केन्द्रको निर्वाचन गर्ने मिति र समय निर्वाचन अफिसरले सकभर चांडो ठेगाना गरी निर्वाचन सम्पन्न गर्नेछ ।

२०. व्यालेटबक्स बिगारिएमा वा हराएमा पुनः निर्वाचन गर्नेः— (१) कुनै मतदान केन्द्रको निर्वाचनमा कुनै व्यालेटबक्स निर्वाचन अफिसर वा पोलिङ्ग अफिसरको जिम्मा-बाट गैरकानूनी तवरबाट लुटिएमा वा खोसिएमा वा कुनै गैरकानूनी तरीकाले खोलिएमा, बिगारिएमा, फोरिएमा वा दुर्घटनावश वा जानी जानी नाश गरिएमा अथवा हराइएमा सो व्यालेटबक्स जुन मतदान केन्द्रको हो सो केन्द्रमा भएको निर्वाचन बदर हुनेछ र त्यो स्थानमा फेरि निर्वाचन गर्ने काम गर्नुपर्छ ।

(२) उपदफा (१) अनुसार कुनै मतदान केन्द्रमा भएको निर्वाचन बदर गर्नुपर्ने अवस्था पर्दा निर्वाचन अफिसरले सो बदर गरी सम्बन्धित विभागमा सो व्यहोराको रिपोर्ट पेश गर्नु पर्दछ र सो मतदान केन्द्रमा अर्को निर्वाचन गर्ने मिति र समय सकभर चांडो निर्वाचन अफिसरले ठेगाना गरी निर्वाचन सम्पन्न गर्नेछ ।

२१. मतदानपत्र दिनु अगावै पुऱ्याउने तरीकाः— (१) मतदान दिने स्थानभित्र पसेपछि पोलिङ्ग अफिसरले मतदाताको नाम, ठेगाना इत्यादि सोधी निजको नाम, मतदाताको सूचीमा परेको छ छैन, दर्ता भएको व्यहोरासंग मिल्छ मिल्दैन जांची व्यहोरा सुनाइदिनु पर्दछ ।

(२) कुनै मतदाताको सम्बन्धमा मतदाताको सूचीमा दर्ता भएको कुनै व्यहोरा लेखाइ वा छपाइको सानोतिनो भूल भएको देखिए तापनि सो भएको व्यहोरा मतदाताकै सम्बन्धको हो भन्ने पोलिङ्ग अफिसरको चित्तमा लागेमा त्यस्ता व्यक्तिलाई मत दिन लगाउन हुन्छ ।

२२. अन्धा वा असक्त मतदाताले मत दिनेः— (१) कुनै अन्धा वा असक्त मदताताले आफैं मतदानपत्र दिन नसक्ने भएमा निजले आफूसंग पत्यारलायक अरू कुनै व्यक्तिलाई समेत साथ लैजान्छु भनेमा एकै साथ प्रवेश गर्न दिनु हुन्छ ।

तर पोलिङ्ग अफिसरले आवश्यक देखेमा त्यस्तो साथमा लगेको व्यक्तिलाई प्रवेश गर्न नदिन पनि सक्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. ब्यालेटबक्स बन्द गर्ने:– (१) मत लिने काम सकिएपछि पोलिङ्ग अफिसरले उपस्थित उम्मेदवार वा निजको एजेंटको सामुन्ने ब्यालेटबक्सको मतदानपत्र छिराउने प्वाल बन्द गर्नुपर्दछ र बन्द गरेको प्वाल नफोडी खोल्न नहुने गरी जहां छाप लगाउनुपर्ने हो आफ्नो र उम्मेदवार वा निजको एजेंटले चाहेमा निजहरूको पनि छाप लगाउनु पर्छ ।

(२) पोलिङ्ग अफिसरले मतदानपत्र दिंदा प्रयोग गरेको मतदाताको नामावली, खारेज गरिएको मतदानपत्रहरू तथा निर्वाचन अफिसरले फिर्ता दाखिल गर्न निर्देश गरेको अरू कागज छुट्टै खाममा बन्द गरी त्यसमा आफ्नो र उम्मेदवार वा निजको एजेण्टले चाहेमा निजको पनि लाहाछाप लगाउनु पर्छ ।

२४. मतदाताको फांट तयार गर्ने:– मत लिने काम सकिएपछि पोलिङ्ग अफिसरले निर्वाचन अफिसरले तोके बमोजिमको ढांचामा मतदानको फांट तयार गर्नुपर्छ ।

२५. निर्वाचन अफिसरलाई बुझाउने:– (१) पोलिङ्ग अफिसरले दफा २३ बमोजिमको ब्यालेटबक्सहरू र अरू कागजपत्र रहेको खामहरू दफा २४ बमोजिमको फांटसहित सकभर चांडो निर्वाचन अफिसरलाई निजले तोकेको ठाउँ र समयमा बुझाउनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त बाकसहरू कागजातहरू र मत गन्ति निर्वाचनको काम समाप्त नभएसम्म हिफाजतसाथ राख्नु पर्दछ ।

परिच्छेद –५

मत गन्ति

२६. मत गन्तिको दिन र स्थान तोक्ने:– (१) मतदान लिने काम समाप्त भएपछि मत गन्ति गर्ने मिति, स्थान र समय तोक्नु पर्छ र सरोकारवाला उम्मेदवारलाई वा निजको वारेसलाई सो कुराको सूचना दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम तोकेको मितिमा कुनै विशेष कारणले मत गन्ति गर्न नसक्ने भएमा निर्वाचन अफिसरले त्यसै दिन सो काम स्थगित गरी सो काम गर्न अर्को मिति, समय र जरूरत परे अर्को स्थान तोकी उम्मेदवार वा निजको वारेसलाई सूचना दिनु पर्छ ।

२७. उपस्थित हुन पाउने व्यक्तिहरू:– (१) मत गन्ति गर्ने ठाउँमा निर्वाचन अफिसरले आफूलाई मद्दत गर्न खटाएको व्यक्तिहरू, खटिएको सरकारी कर्मचारीहरू, उम्मेदवार र निजको एकजना एजेण्ट बस्न पाउने छन् । सोदेखि बाहेक अरू व्यक्तिलाई बस्न दिनु हुँदैन ।

(२) निर्वाचन अफिसरले मत गन्ति गर्ने काममा कुनै उम्मेदवारतर्फबाट निर्वाचन सम्बन्धी कुनै काम गर्ने व्यक्तिको मद्दत लिनु हुँदैन ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मत गन्ति गर्ने काममा बाधा दिने व्यक्तिलाई निर्वाचन अफिसरले सो व्यक्तिलाई मत गन्ति गर्ने ठाउँबाट बाहिर निकाल्न सक्नेछ ।

२८. लगातार मत गन्ति गर्नेः— निर्वाचन अफिसरले मत गन्ति गर्ने काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्छ । कुनै कारणले मत गन्ति गर्ने काम बीचैमा रोक्नु परेमा निर्वाचन अफिसरले मतदानपत्रहरू, ब्यालेटबक्सहरू र निर्वाचन सम्बन्धी अरू कागजात बन्द गरी आफ्नो र उम्मेदवार वा निजको एजेण्टले चाहेमा निजको समेत लाहाछाप लगाई हिफाजतसाथ राख्नु पर्छ ।

२९. मत बराबर भएमा गर्नेः— दुई वा दुईभन्दा बढी उम्मेदवारहरूले बराबर मत प्राप्त गरेमा सो बराबर मत पाउनेहरूलाई निर्वाचन अफिसरले गोलाप्रथाद्वारा निर्णय गर्नेछ र विजयी हुने उम्मेदवारको परिणाम घोषणा गर्नुपर्छ ।

३०. निर्वाचनको परिणाम घोषणा गर्नेः— मत गन्ति गरिसकेपछि निर्वाचन अफिसरले हरेक उम्मेदवारले पाएको मदतदानपत्रको कूल संख्या चढाई परिणाम घोषणा गर्नुपर्छ ।

३१. निर्वाचन सम्बन्धी कागजातः— (१) निर्वाचन सम्बन्धमा प्रयोग भएका कागजहरूमध्ये निर्वाचन अफिसरको जिम्मामा रहेको सदर वा बदर गरिएका मतदानपत्रको बन्दी खाम तथा मदतदाताले पाएको मतदानपत्र जनाएको बन्दी खाम ट्राइबुनलको आदेशविना खोल्न र सोभित्रको कागज कसैले हेर्न हुँदैन ।

(२) निर्वाचन सम्बन्धी अरू कागजपत्रहरू ट्राइबुनलले तोकेको दस्तूर तिरी हेर्न वा लिन सकिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित बन्दी खामहरू तथा अरू सम्बन्धित कागजपत्रहरू नसडाई १ वर्षसम्म सुरक्षित राख्नुपर्छ ।

परिच्छेद—६

निर्वाचन सम्बन्धी झगडा

३२. उजूरवालाले दावी गर्न पाउने कुराहरूः— यस ऐन बमोजिम गर्नुपर्ने केही काम नगरी वा गर्न नहुने केही काम गरी अथवा अनधिकृत वा अयोग्य व्यक्तिले केही काम गरी त्यसबाट उजूरवालालाई केही वास्तबिक क्षति सहनु पर्ने भयो भन्ने लागेमा निजले आफूलाई क्षति सहनु पर्ने कुरा र कारण उल्लेख गरी निर्वाचनको परिणाम घोषणा भएको ३० दिनभित्र देहाय बमोजिम सम्बन्धित निर्वाचन अफिसर छेउ दावी गर्न सक्दछः—

(क) कुनै निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैरकानून ठहर्छ भनी, वा

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैरकानूनी ठहर्छ र निज उजूरवाला वा अरू कुनै उम्मेदवार उचित तबरले निर्वाचित भएको हो भनी, वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैरकानूनी ठहर्छ र सो निर्वाचनमा गैरकानूनी काम गर्ने व्यक्तिलाई उचित दण्ड होस् भनी ।

३३. उजूरीपत्र खारेज हुने अवस्थाः— उजूरीपत्रमा पुऱ्याउनुपर्ने रीत नपुऱ्याइएको तथा म्यादभित्र नदिइएको उजूरीपत्रमा कुनै कारबाइ हुनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकोछ मात्र लागु हुनेछ।

तर उजुरीपत्र खारेज हुनु अगावै तत्कालै पुऱ्याउनु पर्ने रीत पुऱ्याउन सकिने अवस्था भए सो रीत पुऱ्याउन मौका दिनु पर्दछ ।

३४. ट्राइबुनल गठन हुनु अगाडि उजूरीपत्रहरू फिर्ता लिनेः– (१) उजूरवालाले आफ्नो उजूरीपत्र फिर्ता लिन चाहेमा सो उजूरीपत्र उपर कारवाइ गर्ने ट्राइबुनल गठन नहुँदै फिर्ता लिन सक्नेछ ।

(२) ट्राइबुनल गठन भैसकेपछि उजूरीपत्र फिर्ता लिनुपरेमा ट्राइबुनलमा दरखास्त दिई ट्राइबुनलको इजाजत लिएर मात्र फिर्ता लिन सकिनेछ ।

३५. ट्राइबुनलको गठनः– (१) यस ऐन बमोजिम पर्न आएका उजूरीपत्रको जांचबुझ गरी निर्णय गर्नको लागि श्री ५ को सरकारले आवश्यकतानुसार एक वा तीन जनाको ट्राइबुनल गठन गर्नेछ ।

(२) कुनै उजूरीपत्र जांचबुझ भैरहेको समयमा ट्राइबुनलको कुनै सदस्य कुनै कारणले आफ्नो काम गर्न नसक्ने भएमा श्री ५ को सरकारले उपदफा (१) बमोजिम अर्को सदस्य मनोनीत गर्नेछ ।

३६. ट्राइबुनलको कार्यविधिः– यो ऐनको अधीनमा रही निर्वाचन विषयका उजूरीपत्रहरू किनारा लगाउँदा ट्राइबुनलले अदालतलाई भए सरहको अधिकारहरू प्रयोग गर्न पाउनेछ, तर–

(क) ट्राइबुनलमा परेको झगडामा झगडिया झिकाउँदा बाटोको म्याद बाहेक १५ दिनसम्म र साक्षी झिकाउँदा बाटोको म्याद बाहेक सात दिनसम्मको म्याद हुनेछ,

(ख) त्यस्तो ट्राइबुनलमा परेको मुद्दामा आवश्यक कारण परी अर्जि गर्नुपरेमा पन्ध्र दिनसम्मको र तोकिएको म्याद तारेख गुज्री थमाउनपरेमा थमाउनलाई गुज्रेको मितिले पन्ध्र दिनभित्र थमाइसक्नुपर्नेछ ।

३७. मतदानको गोप्यता भंग गर्न नहुनेः– कुनै पनि साक्षी वा अरू व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोध्नु हुँदैन र निजले पनि भन्नु हुँदैन ।

३८. विशेष सुविधाः– ट्राइबुनलले सोधेको वा ट्राइबुनलको कार्यवाहीमा सोधिएको प्रश्नमा कुनै साक्षीले दिएको उत्तरलाई निजको विरुद्ध चलेको कुनै फौज्दारी वा देवानी मुद्दामा प्रमाणको रूपमा पेश गर्न पाइने छैन ।

३९. ट्राइबुनलबाट उजूरीपत्र फिर्ता लिनेः– (१) ट्राइबुनलबाट उजूरीपत्र फिर्ता लिनुपरेमा ट्राइबुनलमा दरखास्तपत्र पेश गर्नुपर्नेछ । एकभन्दा बढी उजूरवाला भएमा उजूरवालाहरूको मञ्जूरीपत्र विना उजूरीपत्र फिर्ता लिन दरखास्तपत्र पेश गर्न सकिने छैन ।

(२) ट्राइबुनलको रायमा कुनै उजूरवालाले कुनै अनुचित किसिमको लाभको लागि उजूरीपत्र फिर्ता लिन दरखास्त दिएको रहेछ भन्ने लागेमा सो उजूरीपत्र फिर्ता लिने इजाजत दिइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उजूरीपत्र फिर्ता लिने इजाजत दिएमा ट्राइबुनलले मनासिब ठहराएजति विपक्षीहरूलाई हुन गएको खर्च वा त्यसको केही अंश निजहरूलाई दिने गरी उजूरवालालाई आदेश दिन सक्नेछ ।

४०. उजूरवालाले धरौटी राख्नेः– कुनै पनि उजूरवालाले ने.रू. ३००।– तीनसय धरौट नराखी उजूरीपत्र दिन पाइने छैन ।

४१. उजूरवाला वा विपक्षीको मृत्यु भएमा गर्नेः– उजूरवाला वा विपक्षीको मृत्यु भएमा उजूरीपत्र खारेज गर्न सकिनेछ ।

४२. ट्राइबुनलको निर्णयः– कुनै उजूरीपत्रको जांचबुझ समाप्त भएपछि सो ट्राइबुनलले फैसला गरी देहाय बमोजिमको आदेश दिनेछः–

(क) उजूरीपत्र डिसमिस गरी, वा

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकाननी तरीकाले भयो भने सो निर्वाचन रद्दी गरी, वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकानूनी तरीकाले भयो र उजूरवाला वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी ।

४३. निर्वाचन गैरकानूनी हुने अवस्थाः– कुनै निर्वाचनमा देहायको कुनै कुरा भएको ट्राइबुनलले ठहराएमा सो निर्वाचन गैरकानूनी हुनेछः–

(क) निर्वाचनमा भ्रष्टाचार हुन गई सो निर्वाचन स्वतन्त्र भएन भनी,

(ख) कुनै जाति वा बर्गमाथि कुनै जाति वा बर्गलेकुनै तरीकाबाट भत दिन वा नदिन कर काप गरेको वा डर धाक देखाएको वा धम्की दिएकोले सो निर्वाचन स्वतन्त्र भएन भनी,

(ग) सदर गर्न नहुने कुनै दरखास्तपत्र सदर गरी वा बदर गनुपर्ने बदर नगरे सो निर्वाचनको नतिजा वास्तवमा फरक परयो भनी ।

४४. ट्राइबुनलको आदेशः– ट्राइबुनलको उजूरीपत्र वा जांचबुझको खर्चको अंक तोकी सो कसले कसलाई तिर्ने हो भनी ठेगाना गरी सो बमोजिम तिर्ने आदेश सम्बन्धित व्यक्तिलाई दिनेछ । सो आदेश कुनै व्यक्तिले पालन नगरेमा सो रकम सरकारी बांकी सरह असूल उपर गरिनेछ ।

परिच्छेद–७

विविध

४५. सहयोग दिनेः– निर्वाचनको लागि कर्मचारीको आवश्यकता पर्न आएमा निर्वाचन अफिसरले सरकारी अड्डालाई अनुरोध गर्नुपर्दछ र त्यस्तो मांग भै आएमा आवश्यकता अनुसारको सरकारी कर्मचारी खटाई मद्दत गर्नु स्थानीय सबै सरकारी अड्डाखानाका प्रमुखहरूको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

४६. दण्ड जरिवाना:– (१) निम्नलिखित कुनै कुरा भएमा निर्वाचन अफिसरको तजवीजले बढीमा ने.रू. १००।– एकसय रुपैयांसम्म जरिवाना हुनेछ:–

(क) ऐन बमोजिम उम्मेदवार हुन अयोग्य भएका व्यक्तिले कुनै कुरा जानी जानी छिपाई वा छिपाउन खोजेको कुनै रूपबाट देखिन आएमा,

(ख) कुनै मतदाताको नामको फेहरिस्त वा अरू कुनै कागजमा लेखिएको कुनै वा सबै व्यहोरा अदल बदल गरेमा,

(ग) यस ऐन बमोजिम प्रकाशित सूचना च्याते, बिगारे वा उप्काएमा,

(घ) निर्वाचनको काम निमित्त कुनै काम नगर्नु भनी निर्वाचन अफिसर वा पोलिंग अफिसरले सूचना गरेकोमा त्यसको अवहेलना गरेमा,

(ङ) निर्वाचनमा वाधा दिएमा वा निर्वाचनमा खटिएका कर्मचारीहरूलाई आफ्नो कर्तव्य पालनमा वाधा पर्ने कुनै काम गरेमा ।

(२) निम्नलिखित कुनै काम कुरा गरेमा ट्राइबुनलले बढीमा ने.रू. १००।– एकसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ:–

(क) निर्वाचनमा खटिएका कर्मचारीले सो सम्बन्धी गोपनीयता अधिकृत व्यक्ति बाहेक अरूलाई थाहा दिएमा,

(ख) प्रत्यक्ष वा प्रलोभन दिई वा कर बलले कुनै उम्मेदवारको पक्षमा मत दिन लगाएमा वा कुनै उम्मेदवारको पक्षमा मत दिनबाट रोक्का गरेमा वा त्यस किसिमको काम गर्न उद्योग गरेमा,

(ग) यस ऐनले निषेध गरेको अन्य कुनै काम कुरा गरेमा ।

४७. अपील:– (१) निर्वाचन अफिसरले वा ट्राइबुनलले दिएको आदेश वा फैसला उपर चित्त नबुझ्नेले सो आदेश वा फैसला भएको मितिले बाटाको म्याद बाहेक ३० तीस दिन–भित्र श्री ५ को सरकारबाट तोकेको सर्वोच्च अदालतको कुनै न्यायाधीश छेउ अपील दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम म्यादभित्र अपील नपरेमा अपील लाग्ने म्याद भुक्तान भएपछि निर्वाचन अफिसर वा ट्राइबुनलको फैसला वा आदेश र अपील परी किनारा भएमा सो न्यायाधीशबाट भएको फैसला वा आदेश अन्तिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम ट्राइबुनलले दिएको फैसला वा आदेश उपर अपील गर्न चाहने व्यक्तिले ने.रू. १००।– एकसय सो अपीलसाथ धरौट दाखिल गर्नुपर्छ ।

४८. ट्राइबुनल बाहेक अरू अदालतले हेर्न नहुने:– यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक निर्वाचन सम्बन्धमा उठेको झगडा हेर्ने र निर्वाचन सम्बन्धी अन्य काम कुराको निर्णय गर्ने अधिकार ट्राइबुनललाई मात्र हुनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।